स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री केकी अधिकारीको निर्माण रहने फिल्म 'स्टेसन' को शुभमुहूर्त गरिएको छ। सोमबार अक्षय तृतीयाको अवसर पारेर ललितपुरस्थित बंगलामुखी मन्दिर परिसरमा फिल्मको शुभमुहूर्त गरिएको हो। मुहूर्त फिल्मका निर्देशक, निर्माता तथा प्राविधिक टोली सहभागी थिए। अभिनेत्री अधिकारीले नयाँ वर्षको अवसर पारेर निर्माणको घोषणा गरेको फिल्म सोसल ड्रामामा निर्माण हुन लागेको हो।

आजको विचार...



वैदेशिक...
(दुई पेजमा)

मोहनकुमार दाहाल



विश्वव्यापी ख्यातिप्राप्त नृत्य प्रतियोगिता 'वर्ल्ड अफ डान्स' को नेपाली संस्करण 'वर्ल्ड अफ डान्स नेपाल २०२६' को औपचारिक घोषणा गरिएको छ। ललितपुरमा आयोजित एक कार्यक्रमका बिच प्रतियोगिता, निर्णायक समिति, पुरस्कार सार्वजनिक गरिएको हो। कार्यक्रममा चर्चित अभिनेता दयाहाङ राईले प्रतियोगिताको ट्रफि सार्वजनिक गरेका छन्। कार्यक्रममा अभिनेता दयाहाङ राईले नृत्य आफूलाई अभिव्यक्त गर्ने एक सशक्त माध्यम भएको बताए।

❒ वर्ष ३१ ❒ अंक २६२ ❒ २०८३ बैशाख ८ गते मंगलबार 21 April 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# मनाइयो जितगढी विजय उत्सव

***नेपालले तत्कालीन विश्वको शक्तिशाली अङ्ग्रेज सेनालाई पराजित गरेको वैशाख ७ गते गौरवपूर्ण दिन हो । वि.सं १८७१ वैशाख ७ गतेकै दिन बुटवलस्थित जितगढी किल्लामा नेपाली सेनाले आधुनिक हतियारले सुसज्जित अङ्ग्रेज सेनालाई परास्त गर्दै राष्ट्रिय स्वाभिमानको अद्वितीय इतिहास रचेको थियो । जितगढीमा १८७२ वैशाख ७ गते भएको लडाइँमा नेपालसँग हारेपछि अङ्ग्रेज सेना नेपालबाटै फर्किएको इतिहास छ ।***

**हाम्रा संवाददाता**

**बुटवल,** वैशाख ७/ नेपाली फौजले अंग्रेज सेनालाई हराएको दिनको स्मरणमा रुपन्देहीको बुटवलस्थित जितगढीमा विजय उत्सव मनाइएको छ । बुटवल उपमहानगरपालिकाले आयोजनामा सोमबार विजय उत्सव मनाइएको हो ।

नेपालले तत्कालीन विश्वको शक्तिशाली अंग्रेज सेनालाई पराजित गरेको वैशाख ७ गते गौरवपूर्ण दिन हो । विसं १८७१ वैशाख ७ गतेकै दिन बुटवलस्थित जितगढी किल्लामा नेपाली सेनाले आधुनिक हतियारले सुसज्जित अंग्रेज सेनालाई परास्त गर्दै राष्ट्रिय स्वाभिमानको अद्वितीय इतिहास रचेको थियो । जितगढीमा १८७२ वैशाख ७ गते भएको लडाइँमा नेपालसँग हारेपछि अंग्रेज सेना नेपालबाटै फर्किएको इतिहास छ । सोही दिन (वैशाख ७ गते)लाई विजयोत्सव दिवसका रुपमा बुटवल उपमहानगरपालिकाले मनाउन थालेको हो ।उपमहानगरले जितगढी उत्सव



मूल समारोह, गोरखादेखि पैदलयात्रामा आएको नेपाली सेनाको टोलीलाई स्वागत गरेको छ । उत्सवको अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । गौरवमय इतिहास बोकेको जितगढी किल्लामा नेपाली सेनाले जितेको स्मरण गर्दै उत्सव मनाउने परम्परा कायम गरिएको हो । चार वर्षयता नेपाली सेनाले गोरखाबाट यहाँ आउने पुरानो बाटोबाट पैदलयात्रा थालेको छ । यो वर्ष ११ दिनमा सेनाको पैदलयात्री टोली यहाँ आइपुगेको हो । जितगढी विजय उत्सव समारोहलाई लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सम्बोधन गरेका थिए । समारोहलाई सम्बोधन गर्दै आचार्यले ऐतिहासिक जितगढी किल्लालाई राष्ट्रिय महत्वको धरोहरका रूपमा अघि बढाउन र राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत गर्न पहल भइरहेको बताए । उनले जितगढीलाई राष्ट्रिय सम्पदाको सूचीमा सूचीकृत गर्न प्रदेश सरकारको तर्फबाट संघीय सरकारसँग पहल गरिररहेको बताए ।

*(...बाँकी अन्तिम पेजमा )*

## सक्षिप्त समाचार

### घरेलु हिंसामा आठ बालकको ज्यान गयो

**(रासस/एएफपी)**

**अमेरिका,** वैशाख ७/संयुक्त राज्य अमेरिकाको लुइसियानामा आइतबार बिहान भएको भयावह घरेलु हिंसाको घटनाले सिङ्गो समुदायलाई स्तब्ध बनाएको छ । घटनामा एक व्यक्तिले आफ्नै परिवारका अधिकांश सदस्य रहेका आठ बालबालिकालाई गोली हानेर हत्या गरेका छन् । तीन फरक-फरक घरमा फैलिएको यो हिंसा पछिल्ला दुई वर्षभन्दा बढी अवधिमा देशकै सबैभन्दा घातक सामूहिक गोलीकाण्डका रूपमा दर्ज भएको छ । प्रहरीका अनुसार ३१ वर्षीय शामार एल्किन्सले बिहानै तीन स्थानमा आक्रमण गरेका थिए । उनी घटनापछि कारज्याक (बलपूर्वक सवारी साधन कब्जा गर्ने) गरिएको गाडीमा भागेका थिए, तर प्रहरीले पछ्याउँदै जाँदा अन्ततः उनीमाथि गोली चलाएर नियन्त्रणमा लिएको थियो, जसका क्रममा उनको मृत्यु भयो । प्रहरी अधिकारी क्रिस बोर्डेलनका अनुसार संदिग्धले गाडीबाट बन्दुकसहित बाहिर निस्किएपछि प्रहरीलाई बल प्रयोग गर्न बाध्य बनाएको थियो । यस घटनामा तीनदेखि ११ वर्ष उमेर समूहका आठ बालबालिकाको ज्यान गएको क्याडो पारिश कोरोनर कार्यालयले पुष्टि गरेको छ । सात जना एकै परिवारका दाजुभाइ-दिदीबहिनी थिए भने एक जना उनीहरूको काकाका छोरा (भाइ) थिए ।

## आज मंगल चौथी व्रत



**पाल्पा,** वैशाख ७/आज मंगल चौथी व्रत हो । भगवान् गणेशको पुजा आजा गरी मंगल चौथी मनाइँदै छ । भगवान् गणेशको जन्म तिथि चतुर्थी पर्ने भएकाले आजको दिनलाई मंगल चौथी भनेर विशेष पूजा आराधना गरेर मनाइने चलन रहेको हो ।

मंलबार भगवान् गणेशको व्रत बस्ने व्रतालुहरूले आजकै शुभ दिनबाट व्रत प्रारम्भ गर्छन् । भगवान् गणेश शुभ फल प्रदान गर्ने देवताको रूपमा चिनिन्छन् । आजको दिन श्रद्धापूर्वक गणेशको व्रत लिनाले गणेश भगवान् प्रसन्न भएर व्रतालुहरूलाई चिताएको फल प्रदान गर्ने धार्मिक मान्यता छ । यस दिन गणेशको व्रत बस्दा धनदेखि मनले चिताएको सम्पूर्ण पूरा हुने विश्वास गरिन्छ । मंगलबार मंगल ग्रहले प्रतिनिधित्व गर्ने बार हो । त्यस्तै चतुर्थी तिथि भगवान गणेशजीको उत्पति भएको तिथिको रुपमा लिइन्छ ।

*-बाँकी अन्तिम पेजमा...*

## आइटीएफ तेक्वान्दो राष्ट्रिय प्रतियोगितामा पाल्पाका खेलाडीको उत्कृष्ट प्रदर्शन

### २ स्वर्ण, ५ रजत र ४ कास्य पदक जित्न सफल

**पाल्पा,** वैशाख ७/पच्चीसौँ आइटीएफ टेक्वान्डो राष्ट्रिय प्रतियोगिता २०८३ र दोस्रो अण्डर १५ स्कुल आइटीएफ तेक्वान्डो राष्ट्रिय प्रतियोगितामा पाल्पाका खेलाडीले उत्कृष्ट प्रदर्शन गरेका छन् । काठमाडौँको दशरथ रङ्गशालामा यही वैशाख ४ र ५ गते भएको राष्ट्रिय प्रतियोगितामा उनीहरुले उत्कृष्ट प्रदर्शन गरेका हुन् ।

खेलमा उत्कृष्ट प्रदर्शन गरेका पाल्पाका खेलाडीले २ स्वर्ण, ५ रजत र ४ कास्य पदक जित्न सफल भएका छन् । प्रतियोगितामा महिलातर्फ एकल स्पाइरिङ ४०-४५ केजी समूह र रातोपेटी प्याटर्नमा कसुमी थापाले दुई स्वर्ण पदक जित्न सफल भएकी छन् । यस्तै सनम घर्तीले २०-२५ केजी एकल स्पेयरिङ ,हरियोपेटी प्याटर्न, दीपा सारुले हरियोपेटी प्याटर्न, रोशनी थापाले ग्रुप



स्पेरिङ, कविता रानाले ७५ प्लस केजी समूह, एन्जल रेग्मीले ग्रुप स्पेरिङमा रजत पदक जित्न सफल भएका छन् । यस्तै दीपा सारुले महिला २०-२५ एकल स्पेयरिङ, रोशनी थापाले एकल स्पेयरिङ ५५-६० केजी, रञ्जित दर्लामीले कालोपेटी प्याटर्न र ५० देखि ५५ केजी एकल स्पेयरिङमा कास्य पदक हात पारेको पाल्पा आइटीएफ टेक्वान्डो संघका उपाध्यक्ष कृष्ण थापाले जानकारी दिए । प्रतियोगितामा संघका उपाध्यक्ष पाँचौं डान थापाले रेफ्रीको कुसल भूमिका समेत निर्वाह गरेका थिए । यहाँका खेलाडीहरुले विगतका राष्ट्रिय प्रतियोगिताहरुमा समेत उत्कृष्ट प्रदर्शन गर्नुको साथै थुप्रै पदकहरु जित्न सफल भएका थिए । रोल्पामा सम्पन्न २३ औं राष्ट्रिय आई.टि.एफ,तेक्वाण्डो प्रतियोगितामा समेत यहाँका खेलाडीहरुले २ स्वर्ण सहित ७ पदक जित्न सफल भएका थिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## छन्दमोहनी

छन्द शास्त्रीय काव्यको महत्वपूर्ण आधार हो । यसको प्रयोगले काव्यलाई प्रभावकारी, स्तरीय र पाठकलाई सहजै स्पर्श गर्ने हुनाले परम्परादेखि नै हाम्रो पूर्वीय साहित्य–काव्यमा छन्दको महत्व प्रमुख रूपमा रही आएको छ । छन्द भनेको कविताको 'लय' हो तापनि परम्परागत रूपमा छन्दले कविताका सबै किसिमको लयलाई नसमेटेर शास्त्रीय नियमअनुसार गण–मात्राको व्यवस्था गरी भावना अभिव्यक्त गर्ने कविताको लयलाई मात्र बुझाउँछ । छन्दले कवितामा श्रुतिमधुर्य सिर्जना गरी श्रोतालाई सन्तुष्टि वा आनन्द दिन्छ ।

वर्तमान समयमा शास्त्रीय छन्दका नेपाली कवि र कविताको उपस्थिति गद्य कवि र गद्य कविताको सापेक्षतामा धेरै नै कम देखिन्छ तापनि छन्दमा कविता लेख्ने परम्परा रोकिएको भने छैन । २०५० सालपछि यस शैलीको कविता लेखनमा पुनर्जागरणसमेत आएको देखिन्छ । फुटकर नेपाली कवितालाई छाडेर प्रबन्ध कविता (लघुकाव्य, खण्डकाव्य र महाकाव्य) लेखनको अवस्था हेर्ने हो भने मुक्त लयका प्रबन्ध काव्यको भन्दा शास्त्रीय छन्दका प्रबन्ध काव्यहरूको उपस्थिति, संख्या र गुणात्मक प्रभावकारिता नै बढी देखिन्छ । यसबाट पनि नेपाली कवितामा शास्त्रीय छन्दका कविताको बेग्लै अस्तित्व, विशेष महत्व र मौलिकता स्पष्ट हुन्छ । पछिल्लो समय छन्दमा कविता लेख्ने साहित्यिक श्रष्टाहरु थुप्रै छन् । साहित्य क्षेत्रमा छन्दले धेरैको मन नै मोहनी लगाएको पाइन्छ ।

साहित्यको कविता विधामा प्रयोग हुने छन्दको संरक्षण गर्ने उद्देश्यसहित हरेक वर्ष आजको दिन छन्द दिवस मनाउने गरिन्छ । छन्दको अस्तित्व अनादिकालबाट नै रहेकोले यसको वास्तविक उत्पत्ति सृष्टिकै आदिकाल भएको मानिन्छ । यसलाई धर्म संस्कृतिसंग जोडेर पनि हेर्ने गरिन्छ । त्यसैले छन्द कवितालाई सनातन वैदिक परम्पराको धरोहरको रुपमा पनि लिइन्छ । छन्दले सत्यमार्गतर्फ उन्मुख गराउँछ भन्ने मान्यता रहेको छ । छन्दकविताको अवलम्बन गर्ने व्यक्ति स्वयम् सदाचारी, शान्तिप्रिय, शीलवान र परोपकारी हुने तर्क अनुभवी अग्रज छन्द कविहरूले दिने गर्छन् । उसको आहार, विहार र स्वभावमा समेत सुधार हुन्छ र ऊ आध्यात्मिकतर्फ उन्मुख हुनपुग्दछ । यसले अन्धविश्वास र अनैतिकतालाई पनि निर्मूल पार्दछ । छन्द एकातिर असल, उचित, ठीक र राम्रोको पर्याय हो भने अर्कोतिर कविता निर्माणको सूत्र हो जसले लयको संयोजन गर्दछ । यसर्थ यसको आफ्नै महत्व, र पहिचान रहेकाले पनि छन्दप्रति धेरैको आकर्षण रहेको छ ।

## Opinion @ Social Network

सानोमा कसैसंग घडी थिएन समय सबैसंग थियो
अहिले घडी सबै संग छ तर. समय कसैसग छैन ।
(आरती रसायलीको फेसबुक स्टाटसबाट www.facebook.com/Aarati.Rasali)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वैदेशिक रोजगार : अवैध सिन्डिकेटको जालोमा मधेश



मोहनकुमार दाहाल

यतिबेला मधेश काठमाडौंतिर आँखा लगाएर हेरिरहेको छ। किनभने, उनीहरू मधेशको छोरो पहिलो पटक प्रधानमन्त्री बनेकोमा खुशी मात्र छैनन्, यो परिवर्तनले आफ्नो जीवनलाई सार्थक बनाउँछ भन्ने विश्वासमा पनि छन् । विशेषगरी मधेशका ती हजारौं युवा जो रोजगारीको लागि स्वदेश छाड्न बाध्य छन्, र यो बाध्यताको फाइदा लिंदै आएका म्यानपावरका सिन्डिकेटहरूबाट पीडित छन्, उनीहरू बालेन नेतृत्वको सरकारले मधेशमा जरा गाडेर बसेको यो विकृति उखेलिने विश्वासमा पनि छन् । संघीय राजधानी काठमाडौंमा रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलहुँदै दिनहुँ दुई हजारभन्दा बढी नेपाली नागरिक विदेशिन्छन्, वैदेशिक रोजगारीका लागि । त्यसको करिब आधाजति दिनहुँ स्वदेश फर्किन्छन् । तीमध्ये धेरै आंशिक विदामा आएका हुन्छन्, जो केही साता वा महिनापछि पुनः मुलुक छाड्छन् । यसले देखाउँछ, वैदेशिक रोजगारी नेपाली अर्थतन्त्रको मेरुदण्ड नै बनिसकेको छ ।

स्वदेशमै रोजगारीको सिर्जना नहुँदा नेपाली नागरिक आफ्नो मातृभूमि र परिवार छाडेर रोजगारीका लागि विदेशिन बाध्य बनिरहेका हुन् । तर, यसरी बाध्यताले आफ्नो मुलुक र परिवार छाड्न बाध्य भएकाहरूमाथि चरम शोषण र ठगी हुने गरेको छ । राज्यका निकायलाई प्रभावमा पारेर करोडौं-अर्बौं कमाइ गरिरहेकाहरूले यस्तो जालो निर्माण गरेका छन्, जसमा विशेषगरी मधेश प्रदेशका अशिक्षित सिधासादा नागरिक फसिरहेका छन् । सीमित संख्यामा तर शक्तिशाली रहेको त्यो समूहका सदस्यहरू मधेशका नागरिकमाथि शोषण गरेर अर्बौं कमाइरहेका छन् । एजेन्ट र तालिम केन्द्रहरूको 'सिन्डिकेटले त्यस्ता युवाको भविष्यमाथि गम्भीर खेलबाड गरिरहेको छ। देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिइरहेका युवा रोजगारदाता मुलुकका कम्पनीहरूबाट त शोषणमा परेकै हुन्छन्, त्यहाँ पुग्नुअघि स्वदेशमै निरीह बन्न बाध्य छन् । पछिल्लो समय मधेशको श्रम बजारमा यो आयस्रोत नै केही सीमित एजेन्ट र तालिम केन्द्रहरूको अवैध कमाइको माध्यम बन्दै गएको छ । विशेषगरी जनकपुर, महोत्तरी, सर्लाही, रौतहट, वीरगञ्ज, लहान र सिरहा जस्ता जिल्लाहरूबाट ठूलो संख्यामा युवा रोजगारीको खोजीमा विदेशिने गर्दछन्। तर, यस प्रक्रियामा देखिएको अनियमितता, अवैध कमिसन प्रथा र एजेन्ट-प्रशिक्षण केन्द्रहरूको घनिष्ठ सञ्जालले वैदेशिक रोजगारी क्षेत्रलाई गम्भीर रूपमा प्रभावित बनाएको छ। पछिल्लो समय जनकपुर क्षेत्रका केही एजेन्टहरू र तथाकथित तालिम केन्द्रहरूले युवाहरूबाट अत्यधिक रकम असुल्ने, प्रक्रिया अपारदर्शी बनाउने र कानूनी व्यवस्थालाई छल्ने कार्य गरिरहेको गुनासो व्यापक रूपमा उठिरहेको छ । यो केवल एक सामान्य अनियमितता मात्र नभई संगठित अपराधको रूपमा विकसित हुँदै गएको देखिन्छ, जहाँ श्रमिकको ठूलो समूहलाई नियन्त्रण गर्ने र उनीहरूको कमजोरीको फाइदा उठाउने काम व्यवस्थित ढंगले हुँदै आएको छ । स्थानीयस्तरमा सक्रिय एजेन्टहरूले वैदेशिक रोजगारीमा पठाउने नाममा म्यानपावर कम्पनीले तोकेको आधिकारिक दरभन्दा दोब्बर वा सोभन्दा बढी रकम असुल्दै आएका छन्। सरकारी रूपमा तोकिएको शुल्क र प्रक्रियाभन्दा बाहिर गएर रकम उठाउने यस्तो प्रवृत्तिले श्रमिकहरूलाई आर्थिक रूपमा शोषण मात्र होइन, विभिन्न जोखिममा पनि पार्ने गरेको देखिन्छ। यी एजेन्टहरूको सञ्जाल मधेशका गाउँगाउँसम्म फैलिएको छ। उनीहरूसँग स्थानीय तहका केही जनप्रतिनिधि, प्रशासनिक कर्मचारी र सुरक्षा निकायका सदस्यहरूसम्मको पहुँच देखिन्छ, जसले गर्दा यो अवैध कारोबार फस्टाइरहेको छ ।

### अभिमुखीकरणको नाममा पनि लुट

जनकपुरमा सञ्चालित केही तालिम केन्द्रले अभिमुखीकरणको नाममा अर्को लुट मच्चाइरहेका छन् । तोकिएभन्दा निकै बढी शुल्क लिने, अनिवार्य नभएको तालिम लिन बाध्य पारिएको गुनासो पीडितहरूबाट सुनिन्छ । उनीहरूले म्यानपावर कम्पनीबाट प्राप्त डिमान्ड लेटरका आधारमा स्थानीय एफएम रेडियोमार्फत विज्ञापन गर्ने, युवाहरूको पासपोर्ट संकलन र सम्पूर्ण प्रक्रिया नियन्त्रणमा राख्ने काम समेत गर्दै आएका छन् । यसरी उनीहरूले एउटा यस्तो सञ्जाल निर्माण गरेका छन् जहाँ श्रमिक प्रत्यक्ष रूपमा म्यानपावर कम्पनीसम्म पुग्नै सक्दैनन् र हरेक चरणमा उनीहरूकै बिचौलियाको भूमिका अनिवार्य हुन पुगेको छ । यो सञ्जालले श्रमिकको मूल्याङ्कन उनीहरूको सीप र क्षमताको आधारमा नभई उनीहरूले तिर्न सक्ने अवैध कमिसनको आधारमा गर्छ । अझ गम्भीर कुरा के हो भने, धेरैजसो युवाले सिधै म्यानपावर कम्पनीसँग सम्पर्क गर्ने सट्टा यिनै एजेन्ट र तालिम केन्द्रमार्फत प्रक्रिया अघि बढाउने गरेका छन् । यस क्रममा उनीहरूले आफ्नो पासपोर्ट, नगद रकम र अन्य महत्वपूर्ण कागजात एजेन्टलाई सुम्पिन्छन् । अधिकांश आर्थिक कारोबार नगदमै हुने भएकाले कुनै आधिकारिक अभिलेख रहँदैन, जसले भविष्यमा समस्या आए प्रमाण जुटाउन कठिन बनाउँछ । यस्ता नगद कारोबारले पारदर्शितामा गम्भीर प्रश्न उठाउनुका साथै कर छलीको सम्भावनालाई पनि बढाउँछ ।

### गाउँगाउँ पुग्छन् एजेन्ट

वैदेशिक रोजगार विभागले तोकेको नियम अनुसार सम्पूर्ण प्रक्रिया पारदर्शी र कानूनी हुनुपर्ने भए पनि व्यवहारमा केही एजेन्टहरूले म्यानपावर कम्पनीको श्रमिक कोटा अग्रिम नगद दिएर 'किन्ने' र त्यसमा आफ्ना ग्राहक पठाउने अभ्यास बढ्दो रहेको आरोप छ । यसरी एक प्रकारको ब्रोकरेज प्रणाली विकसित हुँदै गएको छ जहाँ श्रमिक मात्र होइन, म्यानपावर कम्पनीहरू पनि यही अवैध सञ्जालमा बाँधिन पुगेका छन् । यस अवस्थामा म्यानपावर कम्पनीहरू पनि एजेन्टहरूमा निर्भर हुन बाध्य छन् किनभने उनीहरूसँगै गाउँ-गाउँमा पुग्ने र युवा परिचालन गर्ने क्षमता छ । यसले गर्दा एजेन्टहरूले म्यानपावर कम्पनीहरूमाथि समेत दबाब सिर्जना गर्न सक्ने अवस्था देखिन्छ । यसरी बनेको सञ्जालमा म्यानपावर कम्पनी, एजेन्ट र तालिम केन्द्रबीच अघोषित सहकार्य रहेको देखिन्छ । एजेन्टहरूले गाउँ-गाउँमा पुगेर युवालाई आकर्षित गर्छन्, तालिम केन्द्रहरूले शुल्क असुल्छन् र अन्ततः श्रमिक विदेश पठाइन्छ। यस क्रममा वास्तविक खर्चभन्दा धेरै गुणा बढी रकम श्रमिकले तिर्नुपर्दा उनीहरू आर्थिक रूपमा कमजोर बन्ने र ऋणको चक्रमा फस्ने जोखिम बढ्छ। उदाहरणका लागि, मलेसियाको कुनै कम्पनीले आधिकारिक रूपमा पाँच लाख रुपैयाँ शुल्क तोकेको अवस्थामा एजेन्टहरूले १० लाख रुपैयाँसम्म असुल्ने गरेको पीडितहरूले बताएका छन् । यो अतिरिक्त रकम कुनै कानूनी आधार विना नै एजेन्ट र तालिम केन्द्रबीच बाँडफाँट हुने गरेको आरोप छ । कतिपय अवस्थामा गलत सूचना, अपूर्ण कागजात वा नक्कली विवरणका आधारमा विदेश पठाइने घटनाले श्रमिकलाई थप कानूनी समस्यामा पार्ने गरेको छ। साथै, केही एजेन्टहरूले यस्ता गतिविधिबाट उल्लेखनीय आर्थिक लाभ उठाएको र उनीहरूको विलासी जीवनशैली देखिन थालेको भन्दै अवैध आम्दानी र कर छलीको आशंका पनि बढ्दै गएको छ । यी एजेन्टहरूले आफ्नो घर र गाडीको स्टाटस सिम्बल मात्र नभई गाउँका युवाहरू माझ आफ्नो 'शक्ति' देखाउने माध्यमको रूपमा समेत प्रयोग गर्न थालेका छन्, जसले थप युवालाई उनीहरूकै जालमा फस्न प्रोत्साहित गरिरहेको छ । गाउँका गरिब र अशिक्षित युवाले यी एजेन्टहरूलाई 'ठूलो मान्छे' को रूपमा हेर्न थालेका छन्, जसले गर्दा उनीहरूमाथिको भरोसा अझ बढ्दै गएको छ । यस अवस्थाले वैदेशिक रोजगारीमा जाने युवाको सुरक्षा र अधिकारमा गम्भीर असर पारिरहेको छ । धेरैजसो युवा ऋण लिएर विदेश जान बाध्य हुन्छन्, तर अत्यधिक शुल्कका कारण उनीहरू ऋणको चक्रमा फस्ने जोखिममा पर्छन् । केही युवा त विदेश पुगेपछि मात्र थाहा पाउँछन् कि उनीहरूले तिरेको शुल्क अत्यधिक थियो र वास्तविक रोजगारदाताले त्यति रकम मागेको थिएन। यस्तो अवस्थामा श्रमिकहरूले महिनौंसम्म ऋण तिर्नुपर्ने बाध्यता हुन्छ, जसले उनीहरूको मानसिक र आर्थिक अवस्था दुवैलाई कमजोर बनाउँदछ । कतिपयले त ऋण तिर्न नसकेर थप जोखिमपूर्ण अवस्थामा पनि फस्ने गरेका छन् । यसरी मधेशमा यो सिन्डिकेटले एउटा यस्तो शृंखला निर्माण गरेको छ जहाँ युवा ऋणमा डुब्ने, एजेन्ट धनी हुने र अन्ततः समग्र अर्थतन्त्र नै प्रभावित हुने अवस्था सिर्जना भएको छ । मधेशका धेरै परिवार यसरी एउटा सदस्यलाई विदेश पठाउन लिएको ऋणका कारण वर्षौंसम्म त्यो ऋण तिर्न बाध्य छन् । यसले घरेलु अर्थतन्त्रमा समेत गम्भीर असर पारिरहेको छ । घरैमा रहेका बालबालिका र वृद्धवृद्धाको हेरचाहमा समेत कमी आएको छ, किनभने परिवारको मुख्य कमाउने सदस्य ऋण तिर्न विदेशिएको हुन्छ भने घरमा बाँकी सदस्यहरू त्यही ऋणको तनावले ग्रस्त हुन्छन्।

### यसरी गर्न सकिन्छ सुधार

यस समस्याको समाधानका लागि सरकार र सम्बन्धित निकायहरूले कडा र प्रभावकारी कदम चाल्न आवश्यक छ। एजेन्ट प्रणालीलाई अनिवार्य दर्ता र नियमनमा ल्याउने, सबै आर्थिक कारोबार डिजिटल माध्यमबाट मात्र गर्ने व्यवस्था लागू गर्ने, तालिम केन्द्रहरूको नियमित अनुगमन गर्ने र श्रमिकहरूलाई सिधै आधिकारिक म्यानपावर कम्पनीसँग सम्पर्क गर्न सचेत बनाउने जस्ता उपाय अत्यावश्यक छन्। सरकारी अनुगमनलाई प्रभावकारी बनाउन स्थानीय तहलाई पनि यस क्षेत्रमा सक्रिय गराउनुपर्छ । जिल्ला प्रशासन कार्यालय, वैदेशिक रोजगार कार्यालय र स्थानीय प्रहरी प्रशासन बीच समन्वय गरी संयुक्त अनुगमन टोली गठन गर्ने, गोप्य सूचना संकलन प्रणाली विकास गर्ने र पीडितहरूका लागि सहज उजुरी केन्द्र स्थापना गर्ने खाँचो देखिन्छ । विशेषगरी जनकपुर, वीरगञ्ज लगायत ठूला शहरहरूमा यस्ता संयुक्त अनुगमन टोलीले नियमित रूपमा अनुगमन गर्न आवश्यक छ । विद्यालय र कलेजहरूमा वैदेशिक रोजगारी सम्बन्धी जागरूकता कार्यक्रमहरू सञ्चालन गर्ने र युवालाई सानैदेखि यसबारे जानकारी दिन थाल्नुपर्छ । मधेशका धेरै गाउँमा अझै पनि साक्षरता दर कम र सूचनाको पहुँच न्यून छ । यस्तो अवस्थामा एजेन्टहरूले सजिलै युवालाई गलत सूचना दिन सक्छन् । यसैले सचेतना अभियानहरू विशेषगरी ग्रामीण क्षेत्रहरूमा केन्द्रित हुनुपर्छ। यसका साथै, सरकारले वैदेशिक रोजगारीको प्रक्रियालाई सरल, पारदर्शी र सहज बनाउन ई-गभर्नेन्स प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । यदि यसतर्फ समयमै ध्यान नपुगेको हो भने आउने दिनहरूमा अझ ठूलो संकट आइपर्न सक्छ, जसले मधेश प्रदेशको समग्र सामाजिक र आर्थिक संरचनालाई नै हल्लाउनेछ । यस संकटको समाधानका लागि अब केवल कागजी नीति मात्र पर्याप्त छैन, व्यावहारिक र प्रभावकारी कार्यान्वयनको खाँचो छ । जनताको घरदैलोमा पुगेर युवाहरूलाई सचेत गराउने, एजेन्टहरूमाथि कडा कारबाही गर्ने, र वैदेशिक रोजगारीलाई एउटा व्यवस्थित र मर्यादित क्षेत्रको रूपमा स्थापित गर्ने जिम्मेवारी अब सरकारको मात्र नभई सम्पूर्ण समाजको हो ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : श्रम परे पनि दिन सफलतादायक रहनेछ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। | **तुला** : सुख सुविधामा धन खर्चका योग छन्। समयमा मित्रहरूको साथ पाइनेछ। |
| **वृष** : नयाँ कामतर्फ आकर्षण बढ्नेछ। निर्णय क्षमताले राम्रो परिणाम दिनेछ। | **वृश्चिक** : पहिरनले व्यक्तित्वमा निखार आउनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |
| **मिथुन** : रोजगारमा सफलता मिल्नेछ। पुरानो विषयमा अल्झिन सक्नुहुनेछ। | **धनु** : व्यवसायमा पारदर्शिता राख्नुहोस्। अवसरको खोजीमा दौडधुप गर्नुपर्ला। |
| **कर्कट** : परिवारसँग रमाइलो समय व्यतीत हुनेछ। सन्तुलन आवश्यक देखिन्छ। | **मकर** : सरकारी कामकाजमा प्रभाव बढ्नेछ। मूल्याङ्कन नगरी कार्य प्रारम्भ नगरौं। |
| **सिंह** : गृहणीहरूको गृहकार्यको साथै सामाजिक परिवेशमा कद बढ्नेछ। | **कुम्भ** : सेवामुलुक कार्यबाट समाजमा नाम स्थापित गर्न सकिनेछ। |
| **कन्या** : अध्यापनमा मन लाग्नेछ। व्यावसायिक मुद्दा मामलाहरू सुल्झिनेछन्। | **मीन** : अवसर प्राप्त कार्यक्षेत्रमा बाधा आउनेछ। आर्थिक पक्ष मजबुत बन्दै जानेछ। |

विज्ञान/सूचना प्रविधि

# फेसबुकका १६ हजार कर्मचारीले जागिर गुमाउँदै




विश्वका दिग्गज प्रविधि कम्पनीहरूमा कर्मचारी कटौतीको लहर चलिरहेको छ । ओरेकलपछि अब फेसबुकको मातृ कम्पनी मेटाले समेत ठूलो संख्यामा कर्मचारी कटौतीको घोषणा गर्नुले विश्वव्यापी प्रविधि उद्योगमा गम्भीर परिवर्तनको संकेत दिएको छ । समाचार अनुसार कम्पनीले आगामी दिनमा करिब १६ हजार कर्मचारीलाई हटाउने तयारी गरिरहेको छ । पहिलो चरणमा आगामी मे २० मा करिब ८ हजार कर्मचारीलाई विदा गरिनेछ । कर्मचारी कटौतीको यो कदम मेटाको खर्च कटौतीको प्रयासका रूपमा मात्र नभई एआई प्रविधितर्फको रणनीतिक रूपान्तरणका रूपमा समेत हेरिएको छ ।

मेटा कम्पनी विगत केही समयदेखि मार्क जुकरबर्गको नेतृत्वमा एआईको क्षेत्रमा आफ्नो प्रभुत्व स्थापित गर्न आक्रामक रूपमा अघि बढिरहेको छ । जेनेरेटिभ एआई, मेसिन लर्निङ पूर्वाधार तथा विशाल डेटा सेन्टरमा अर्बौं डलर लगानी गर्दै मेटाले आफ्नो भविष्यलाई 'एआई-फर्स्ट' बनाउने स्पष्ट संकेत दिएको छ । समाचार अनुसार मेटाले एआईको क्षेत्रमा यस वर्ष मात्र करिब १३५ अर्ब अमेरिकी डलर लगानी गर्ने योजना बनाएको छ । यस्तो अवस्थामा कम्पनीले आफ्नो कार्यशक्तिलाई छरितो तथा अटोमेटेट बनाउने रणनीति अपनाउँदै करिब १० प्रतिशतसम्म कर्मचारी कटौती गर्न सक्ने अनुमान गरिएको छ । रोचक पक्ष के हो भने मेटा कम्पनीले आर्थिक संकटका कारण कर्मचारी कटौती गर्न थालेको होइन । आर्थिक रूपमा बलियो हुँदाहुँदै पनि मेटाले यो कदम चालिरहेको छ । कम्पनीको वार्षिक आम्दानी र नाफा दुवै उच्च स्तरमा रहेपनि दीर्घकालीन प्रतिस्पर्धामा टिकिरहन लागत संरचना परिवर्तन अपरिहार्य भएको विश्लेषकहरू बताउँछन् । मानव कर्मचारी कटौती गर्ने मेटाको निर्णय वास्तवमा 'कम मान्छे, बढी उत्पादन' भन्ने नयाँ डिजिटल अर्थतन्त्रको सिद्धान्तसँग मेल खान्छ । जहाँ पहिले-पहिले धेरै जनशक्ति चाहिने कामहरू अहिले एआई प्रणालीमार्फत छिटो र सस्तो रूपमा सम्पन्न हुन थालेका छन् । कर्मचारी कटौतीको कदम मेटाका लागि नौलो र पहिलो भने होइन । सन् २०२२ र २०२३ मा कम्पनीले करिब २१ हजार कर्मचारी हटाएको थियो । जसलाई जुकरबर्गले कार्यदक्षता वर्ष अर्थात् इयर अफ इफिसिएन्सी भनेर व्याख्या गरेका थिए । तर २०२६ मा देखिएको कर्मचारी कटौतीको नयाँ लहर अझै गहन र संरचनात्मक देखिन्छ । किनकि यसपटकको कटौतीमा आर्थिक मन्दी होइन कि एआई तर्फको प्रविधिगत रूपान्तरण प्रमुख कारकको रुपमा देखिएको छ । प्रविधि क्षेत्रको सर्वव्यापी लहर, रोजगारी र अर्थतन्त्रमा नयाँ जोखिम जनशक्ति कटौतीको यस्तो प्रवृत्ति मेटामा मात्र सीमित छैन । ओरेकल लगायत अन्य ठूला प्रविधि कम्पनीहरूले पनि हालै हजारौं कर्मचारी हटाएका छन् । ओरेकलले भारतमा मात्रै करिब १२ हजार कर्मचारी कटौती गरेको छ । यस्तो कटौतीको मुख्य कारण चाहिँ एआईमार्फत कामहरूलाई स्वचालित बनाउनु नै रहेको छ । यसले अब विश्वभरको प्रविधि उद्योग एआईप्रेरित पुनर्संरचनाको चरणमा प्रवेश गरिसकेको संकेत गर्दछ । यस्तो कर्मचारी कटौतीको असर केवल विकसित देशहरूमा मात्र सीमित छैन । विकासशील मुलुकहरूमा रहेका आउटसोर्सिङ कामदारहरू अथा विशेषगरी एआई ट्रेनिङ र कन्टेन्ट मोडरेशनमा संलग्न जनशक्तिहरू सबैभन्दा बढी रोजगारी असुरक्षामा धकेलिएका छन् । अफ्रिकी मुलुक केन्याजस्ता देशहरूमा रहेका मेटाका सयौं कामदारले जागिर गुमाउनुले पनि एआईको विस्तारसँगै सस्तो श्रममा निर्भर विश्व अर्थतन्त्रको पाटो समेत प्रभावित भएको देखाएको छ । विशेषज्ञहरूका अनुसार यदि विश्वमा कार्यस्थलबाट मानव जनशक्ति विस्थापित हुने यही प्रवृत्ति निरन्तर रह्यो भने यसले एआई लेअफ ट्र्यापको अवस्था सिर्जना गर्नेछ । यो त्यस्तो अवस्था हो, जहाँ कम्पनीहरूले दक्षता बढाउन कर्मचारी घटाउँछन् अनि दीर्घकालमा उपभोक्ता आय घट्दा समग्र मागमा नै असर पर्दछ । यसले विश्व अर्थतन्त्रमा असन्तुलन ल्याउने जोखिम रहेको विज्ञहरूको चिन्ता छ । विश्वमा पछिल्लो समय रोजगारीको स्वरूप पनि तीव्र रूपमा बदलिँदै गएको छ । एआई इन्जिनियरिङ, डेटा साइन्स र रोबोटिक्सजस्ता क्षेत्रमा अवसर बढ्दै जाँदा भविष्यमा उस्तै खालका दोहोरिने डिजिटल काम, ग्राहक सहायता तथा मध्यमस्तरीय व्यवस्थापनस्ता क्षेत्रहरू संकुचित हुँदै जाने देखिन्छ। यसले श्रम बजारमा सीप रुपान्तरणलाई अनिवार्य बनाएको छ ।

*-अनलाइन खबर डटकम*

# एनसेलको विद्यार्थीका लागि निःशुल्क अनलाइन सुविधा

एनसेलले माध्यमिक शिक्षा परीक्षा (एसइई) दिएका विद्यार्थीहरूका लागि आफ्नो विशेष अफर 'पहिलो सिम' सञ्चालनमा ल्याएको छ । यो अफरमा विद्यार्थीहरूले कर सहित मात्र रु. ५० मा एनसेलको प्रिपेड सिम लिन सक्छन् र विभिन्न आकर्षक बन्डल सेवाहरूको फाइदा लिन सक्छन् । विद्यार्थीहरूले 'पहिलो सिम' लिँदा आफ्नो रोजाइअनुसार एनसेल मोबाइल नम्बर छनोट गर्न पनि सक्छन् । यो पहिलो सिममा २ जीवी डाटा, सबै नेटवर्कमा कल गर्न मिल्ने ५० मिनेटको टक टाइमका साथै मेरो स्कुल र गेमिङ् प्रिमियर लिग (जीपीएल) मा २८ दिनका लागि निःशुल्क पहुँच पाइन्छ । मेरो स्कुल एक डिजिटल लर्निङ प्लेटफर्म हो जहाँ अनलाइन सिकाइका लागि पाठ्यक्रममा थुप्रै भिडिओ सामग्रीहरू उपलब्ध छन् । त्यसै गरी जीपीएल एक गेमिङ पोर्टल हो जहाँ एचटीएमएलमा आधारित विभिन्न खेलहरूको मजा लिन सकिन्छ । पहिलो सिम प्रयोगकर्ताहरूले डिजिटल वालेट खल्तीमा पनि निःशुल्क पाउँछन्, जसको मतलब ग्राहकले खल्ती प्रयोग गर्दा कुनै डाटा शुल्क लाग्दैन । साथै, यो सिम लिएका ग्राहकहरूले रु. ५० वा सोभन्दा बढीको रिचार्ज गर्दा ७ दिनसम्म मान्य ५०० एमबी बोनस डाटासमेत पाउँछन् । एसइई दिएका विद्यार्थीहरूले देशभरका कुनै पनि एनसेल सेन्टरबाट सजिलै पहिलो सिम लिन सक्छन् । सिम लिनका लागि विद्यार्थीहरूले आफ्नो एसइईको प्रवेश पत्र र आफ्नो आमा वा बाबुको नागरिकताको फोटोकपी सहित नजिकको एनसेल सेन्टरमा जानु पर्दछ । आवश्यक प्रमाणीकरणपछि उनीहरूको सिम सक्रिय हुन्छ ।


*-हाम्रा कुरा डटकम*

# एआई धेरै नै डरलाग्दो अवस्थामा आइपुग्यो



सामान्य अवस्था हुँदो हो त म अहिले इरान युद्धका भूराजनीतिक प्रभावहरूबारे लेखिरहेको हुन्थेँ । तर यो लेख अपर्झट लेख्ने बाध्यता आइलाग्यो । यसपछि भने म आफ्नो पुरानो विषयमै फर्किनेछु । प्रस्तुत लेखमा एआई अर्थात् कृत्रिम बौद्धिकताको क्षेत्रमा भएको एउटा आश्चर्यजनक विकासबारे चर्चा गर्न चाहन्छु । यो हप्ता एआईको क्षेत्रमा एउटा त्यस्तो घटना भयो, जुन यति छिट्टै आइपुग्छ भन्ने सायदै कसैले अनुमान गरेका थिए । यसले प्रविधि वा अर्थतन्त्रमा मात्रै नभएर भूराजनीतिमा पनि प्रभाव पार्दैछ । एआईको क्षेत्रमा काम गरिरहेको कम्पनी 'एन्थ्रोपिक' ले गत मंगलबार आफ्नो एआई मोडेलको 'क्लाउड मिथोस प्रिभ्यु' भनिने नयाँ संस्करण सार्वजनिक गर्ने घोषणा गऱ्यो । तर उसको नयाँ मोडेल सबैसामु भने उपलब्ध गराइएन । गुगल, ब्रोडकम, एनभिडिया, सिस्को, पालो अल्टो नेटवर्क्स, एप्पल, जेपी मोर्गन चेज, अमेजन तथा माइक्रोसफ्टलगायत करिब ४० हाराहारी प्रविधि कम्पनीहरूको सीमित समूहलाई मात्रै यो उपलब्ध गराइयो । एन्थ्रोपिकले आफ्नो नयाँ संस्करण उपलब्ध गराएका कम्पनीहरूमा केही त उसकै प्रतिस्पर्धी पनि छन् । उसले आफ्नो उत्पादन आफ्नै प्रतिस्पर्धीहरूलाई सुरुमै उपलब्ध गराउनुको खास कारण छ । एन्थ्रोपिकको नयाँ एआई मोडेलमा केवल सामान्य परिवर्तन मात्रै छैन, यसले एक प्रकारको 'चरण परिवर्तन' वा छलाङकै प्रतिनिधित्व गर्छ । नयाँ मोडेलले साइबर सुरक्षाका साथै अमेरिकाको राष्ट्रिय सुरक्षाकै लागि समेत केही ज्यादै महत्त्वपूर्ण सकारात्मक तथा नकारात्मक प्रभावहरू पार्न सक्ने देखाएको छ । एन्थ्रोपिकले आफ्नो नयाँ मोडेल 'क्लाउड मिथोस' विकास गर्ने क्रममा आश्चर्यजनक कुरा पत्ता लगायो । उसको नयाँ एआईले हाल उपलब्ध सबै मोडेलको तुलनामा धेरै सजिलो गरी सफ्टवेयर कोड लेख्न सक्ने मात्रै नभएर चलनचल्तीमा रहेका विश्वका लगभग सबै लोकप्रिय सफ्टवेयर प्रणालीका कमजोरीहरू सजिलै पत्ता लगाउन सक्छ । अब खतरा के भयो भने यो उपकरण खराब व्यक्ति वा शक्तिको हातमा परेको खण्डमा तिनीहरूले विश्वका लगभग हरेकजसो ठूला सफ्टवेयर प्रणाली ह्याक गर्न सक्छन् । यसरी ह्याक गर्न सकिनेमा ठूला कम्पनीहरूको समूहका सबै प्रणालीहरू पर्न सक्छन् । तपाईंहरूलाई यो कुरा ठट्टा नलागोस्, म सबै प्रणाली भन्दैछु । नयाँ घोषणाको पूर्वसन्ध्यामा अमेरिकामा रहेका अग्रणी प्रविधि कम्पनीका प्रतिनिधिहरू ट्रम्प प्रशासनसँग छलफलमा बसेका थिए । छलफलमा अमेरिका तथा अन्य मुलुकका सृटवेयर प्रणालीहरूमा एन्थ्रोपिकको नयाँ एआई संस्करणले पार्न सक्ने प्रभावका विषयमा चर्चा भएको थियो । यसबारे सोही छलफलमा सामेल भएका एकजनाले मलाई बताएका थिए । न्थ्रोपिकले मंगलबार आफ्नो लिखित विज्ञप्तिमा जनाएअनुसार गत महिना नै मिथोस प्रिभ्युले उच्च स्तरको गम्भीरता भएका धेरै कमजोरीहरू पहिल्यै पत्ता लगाइसकेको थियो । यस्तो कमजोरी फेला परेका प्रणालीहरूमा प्रत्येक ठूला 'अपरेटिङ सिस्टम' एवम् 'वेब ब्राउजर' हरू समेत समावेश भएका थिए । एन्थ्रोपिकको विज्ञप्तिमा भनिएको छ, 'अहिले एआईमा देखिएको प्रगतिको गतिलाई ध्यानमा राख्दा त्यस्ता क्षमताहरू थप फैलिन धेरै समय नलाग्ने देखिन्छ । एआईमा हुने त्यस्तो विकास त्यसलाई सुरक्षित रूपमा परिचालन गर्ने व्यक्ति वा समूहको हातमा मात्रै सीमित नरहने सम्भावना धेरै हुन्छ । फलतः अर्थव्यवस्था, सार्वजनिक तथा राष्ट्रिय सुरक्षामा गम्भीर असर पर्न सक्छ ।' एन्थ्रोपिकले आफ्नो एउटा समूहको नाम 'प्रोजेक्ट ग्लासविङ' राखेको छ । त्यो समूहले ठूला र विश्वसनीय प्रविधि कम्पनी तथा बैंकलगायत संवेदनशील पूर्वाधारसम्बन्धी काम गर्ने संस्थाहरूसँग मिलेर काम गर्छ । त्यस्ता संस्थाको सुरक्षा प्रणाली बलियो बनाउन सघाउँछ । साथै अग्रणी प्रविधि कम्पनीहरूलाई उनीहरूका प्रणालीभित्र रहेका विविध कमजोरी र समस्याहरू औंल्याउन सहयोग गर्छ अनि प्राप्त कमजोरीहरू सम्बोधन पनि गर्छ । पछिल्लो सन्दर्भबारे एन्थ्रोपिकले भनेको छ, 'हामी क्लाउड मिथोस प्रिभ्युलाई आमरूपमा उपलब्ध गराउने योजनामा छैनौं । यद्यपि हाम्रो लक्ष्य भनेको हाम्रा प्रयोगकर्ताहरूलाई मिथोसमै श्रेणीका मोडेलहरू ज्यादै सुरक्षित रूपमा चलाउनका लागि सक्षम बनाउनु हो । साइबर सुरक्षा मात्रै नभएर अन्य असाध्यै सक्षम मोडेलहरूले ल्याउन सक्ने असङख्य लाभहरूका लागि तयार पार्नु पनि हो ।' एन्थ्रोपिकको यो विज्ञप्तिको भाषा त्यति सरल र सोझो छैन । मेरो बुझाइमा एन्थ्रोपिकले आफ्नो विज्ञप्तिमा अतिबुद्धिमान् (सुपर इन्टेलिजेन्ट) एआई अपेक्षाभन्दा छिटो आइरहेको जनाउ दिएको छ । कम्प्युटरमा सामान्य साक्षर मात्रै भएको मान्छेलाई पनि सफ्टवेयरको कोड लेख्न आश्चर्यजनक रूपमा सजिलो हुँदै गएकोसम्म त हामीलाई राम्रै थाहा थियो । तर एन्थ्रोपिकको नयाँ मोडेलले त विद्यमान कोडहरूमा रहेका त्रुटिहरू पत्ता लगाउने तथा त्यसको दुरुपयोग गर्ने तरिकाहरू फेला पार्न पनि यति छिट्टै सक्छ होला भन्ने त अनुमान पनि थिएन । एन्थ्रोपिकका अनुसार उसको नयाँ मोडेलले प्रत्येक प्रमुख 'अपरेटिङ सिस्टम' तथा 'वेब ब्राउजर' हरूमा गम्भीर प्रकारका जोखिमहरू फेला पारेको छ । यस्ता प्रणालीहरूमध्ये धेरैले संसारभरका विद्युतीय प्रसारण प्रणाली ( पावर ग्रिड), खानेपानी आपूर्ति केन्द्रहरू, हवाई सेवाका रिजर्भेसन प्रणालीहरू, खुद्रा व्यापारका सञ्जालहरू, विविध सैन्य प्रणालीहरू तथा अस्पतालहरू चलाउने गरेका छन् । (सजिलो भाषामा भन्ने हो भने एन्थ्रोपिक मोडेलको एआई प्रयोग गरेर सामान्यभन्दा सामान्य व्यक्तिले पनि विश्वको जुनसुकै, जतिसुकै संवेदनशील प्रणाली प्रभावित पार्न, ह्याक गर्न र ध्वस्त गर्न सक्ने क्षमता राख्ने भयो ।) यदि अहिले तयार भएको एन्थ्रोपिकको नयाँ एआई उपकरण साँच्चिकै सबैले पाउन सक्ने गरी व्यापक रूपमा उपलब्ध भयो भने कुनै पनि ठूलो पूर्वाधार प्रणालीलाई ह्याक गर्ने क्षमता एकाएक बढ्नेछ । यसअघि केही सीमित विज्ञहरू एवम् खुफिया सङ्गठनहरूसँग मात्रै रहेको क्षमता सबैको हातमा पुग्नेछ । अपराधीहरू, आतङ्कवादीहरू तथा दुष्ट राज्यहरूले सहजै संवेदनशील प्रणाली 'ह्याक' गर्ने क्षमता हासिल गर्नेछन् । म यो विषयलाई अनावश्यक उचालेर हौवा बनाउँदै छैन । साँच्चिकै गम्भीरताका साथ लेखिरहेको छु । अबका दिनमा साना केटाकेटीहरूले त्यस्तो एआईको प्रयोग गर्न सक्छन् । अभिभावकहरू पनि अबको दिनमा त्यसका लागि तयार हुनुपर्छ । एउटा दृश्य कल्पना गर्नुहोस् त ! तपाईं आफ्नो बच्चालाई सोध्नुहुन्छ, 'बाबु/नानी, आज स्कुल सकिएपछि तिमीले के-के गऱ्यौ त ?' जवाफमा तपाईंको बच्चाको प्रत्युत्तर हुनेछ- 'बाबा/आमा ! म र मेरा साथीहरू मिलेर आज हामीले बिजुली ग्रिड नै डाउन गरिदियौं । तर मलाई साह्रै भोक लागेको छ, आज खाजा के बनाउनुभएको छ ?' यसै जोखिमका कारण एन्थ्रोपिकले आफ्ना खास सृटवेयर प्रदायकहरूलाई सावधानीपूर्वक नियन्त्रित संस्करणहरू मात्र उपलब्ध गराएको हो । उनीहरूले खराब नियत भएका मान्छेहरू वा तपाईंहम्रा बच्चाहरूभन्दा अघि नै आृना प्रणालीमा रहेका कमजोरीहरू पत्ता लगाएर ठीक पार्न सकून् भन्ने ध्येयका साथ उसले त्यसो गरेको हो । यस्तो गम्भीर परिस्थितिमा म आफ्ना प्रविधि गुरु क्रेग मुन्डिसँग छलफल गर्न, बुझ्न र केही सिक्न मन गर्छु । उनी माइक्रोसफ्टका पूर्व निर्देशक एवम् अमेरिकी पूर्व राष्ट्रपति बाराक ओबामाको विज्ञान तथा प्रविधि सल्लाहकार परिषद्का सदस्यसमेत हुन् । उनले हेनरी किसिन्जर र एरिक स्मिटसँग मिलेर एआईबारे 'जेनेसिस' नामको किताब पनि लेखेका छन् । हामीले पछिल्लो समस्याबारे केही चर्चा गऱ्यौं । हाम्रो विचारमा अब विश्वको कुनै पनि देशले यो समस्या एक्लै समाधान गर्न सक्दैन । समाधानको विकल्प सुन्दा तपाईंहरूलाई अचम्म लाग्न सक्छ । हो, अब यस्तो समस्याको समाधान दुई एआई महाशक्तिहरू मिलेरै गर्नुपर्ने हुन्छ । ती दुई महाशक्ति हुन् अमेरिका र चीन । अब उनीहरूले सहकार्य गर्नु अत्यावश्यक भइसकेको छ । अन्यथा विश्व राजनीति र समाजका खराब खेलाडीहरूले यो तहको क्षमता हात पार्न सक्छन् । त्यतिबेलासम्म ढिलो भइसकेको हुनेछ । अब एआई विकासको क्रममा देखा परेका यस्ता शक्तिशाली उपकरणहरूले दुवै मुलुकका प्रणालीलाई जोखिममा पार्छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै आतङ्कवादी समूह तथा अन्य विरोधीहरूको सामना गर्न असुरक्षित बनाउँदै लैजान्छन् । अबका दिनमा एआईका नयाँ उपकरणहरू सजिलै ठूलो खतरा बन्न सक्छन् । त्यस्तो खतरा यी दुई मुलुकहरूको आपसी खतराभन्दा धेरै ठूलो हुने निश्चित छ । यो सामान्य अवस्था होइन । आणविक हतियारको दौड कायम रहेको समयमा जसरी 'पारस्परिक विनाशको सुनिश्चितता' अर्थात् 'म्युचुअल अस्योर्ड डिस्ट्रक्सन' र आणविक अप्रसारको आवश्यकता परेको थियो, आजको समय पनि कम्तीमा त्यति नै महत्त्वपूर्ण भएर आएको छ । अहिले रुसको चिन्ताभन्दा ठूलो विषय यो हो । अब अमेरिका र चीनले मान्छे वा स्वचालित एआईहरूलाई यस्ता डरलाग्दा प्रविधिको दुरुपयोग गर्नबाट जोगाउन मिलेर काम गर्नैपर्ने अवस्था आएको छ । यो ज्यादै महत्त्वपूर्ण र जरुरी सन्दर्भ हो । अर्को महिना बेइजिङमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबिचको शिखर वार्ताको एजेन्डामा यसलाई मुख्य विषयका रूपमा सामेल गर्नुपर्छ ।*-रातोपाटी डटकम*

# आज छन्द दिवस मनाइँदै




**पाल्पा,** वैशाख ७/आज छन्द दिवस नेपालमा विविध कार्यक्रम गरी मनाइँदै छ । साहित्यको कविता विधामा प्रयोग हुने छन्दको संरक्षण गर्ने उद्देश्यसहित आज यो दिवस मनाउन लागिएको हो ।

कविता साहित्यमा छन्दको प्रयोग घट्दै गएपछि कवि माधव वियोगीले वि.सं. २०५३ साल बैशाख ८ गते छन्द बचाउ अभियान सुरु गरेका थिए । छन्दको प्रयोगलाई पुर्नस्थापना गर्ने प्रयत्न स्वरुप कवि वियोगीले अभियान सुरु गरेको दिनलाई नै हरेक वर्ष छन्द दिवसका रुपमा मनाउन थालिएको हो । छन्द दिवसको अवसरमा देशका अधिकांश साहित्यिक डबलीहरुमा छन्दमा लेखिएका कविताहरु बाचन गर्दै साहित्यिक कार्यक्रम आयोजना गरिन्छ । साहित्यमा काव्य संस्कृतिको रक्षा र छन्द शैलीको उजागर गर्न यो दिवस मनाइन्छ । साहित्यमा काव्य संस्कृतिको रक्षा र छन्द शैलीको उजागर गर्न साहित्य प्रेमीहरुले दिवसलाई महत्वका साथ मनाउने गर्छन् । छन्दलाई मात्रा र वर्ण, स्वतन्त्र वा मिश्रित, यति, वैदिक र लौकिक आदिका आधारमा विभाजन गरिएको छ । छन्द- अद्भुत साहित्य प्रयोगलाई कविताका माध्यमबाट उतार्नु भने त्यति सजिलो छैन । छन्दमुलक लेखन कठिन लेखन हो । लेख्नमात्र हैन, वाचन गर्न पनि उतिनै कठिन हुन्छ । 'इ' कार, 'ऊ' कार जस्ता साना कुरालाई पनि मिलाउनु पर्ने र अन्य नियमहरुमा बाँधिएर कृति लेख्नु निकै चुनौतिपुर्ण हुन्छ । छन्द कवितालाई सनातन वैदिक परम्पराको धरोहरको रुपमा पनि लिइन्छ । यसको आफ्नै महत्व र पहिचान रहेको छ । छन्दको अस्तित्व अनादिकालबाट नै रहेकोले यसको वास्तविक उत्पत्ति सृष्टिकै आदिकाल भएको मानिन्छ । यसलाई धर्म संस्कृतिसंग जोडेर पनि हेर्ने गरिन्छ । त्यसैले छन्द कवितालाई सनातन वैदिक परम्पराको धरोहरको रुपमा पनि लिइन्छ । छन्दले सत्यमार्गतर्फ उन्मुख गराउँछ भन्ने मान्यता रहेको छ । छन्दकविताको अवलम्बन गर्ने व्यक्ति स्वयम् सदाचारी, शान्तिप्रिय, शीलवान र परोपकारी हुने तर्क अनुभवी अग्रज छन्द कविहरूले दिने गर्छन् । उसको आहार, विहार र स्वभावमा समेत सुधार हुन्छ र ऊ आध्यात्मिकतर्फ उन्मुख हुनपुग्दछ । यसले अन्धविश्वास र अनैतिकतालाई पनि निर्मूल पार्दछ । छन्द एकातिर असल, उचित, ठीक र राम्रोको पर्याय हो भने अर्कोतिर कविता निर्माणको सूत्र हो जसले लयको संयोजन गर्दछ ।

## खेलकुद समाचार

### आईपीएल क्रिकेटमा पञ्जाब र कोलकाता विजयी



**काठमाडौं,** वैशाख ७/पञ्जाब किंग्सले लखनऊ सुपर जायन्ट्सलाई ५४ रनले पराजित गर्दै इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा अपराजित यात्रा कायम राखेको छ । पञ्जाबका प्रियांश आर्या र कूपर कोनोलीको १ सय ८२ रनको साझेदारी पञ्जाबको जितमा महत्वपूर्ण बन्यो । मुल्लानपुरमा भएको खेलमा पञ्जाबले २० ओभरमा ७ विकेट गुमाउँदै २ सय ५४ रन बनाएको थियो । जवाफी ब्याटिङ गरेको लखनऊले ५ विकेट गुमाएर २ सय रन मात्र बनाउन सक्यो । जितसँगै पञ्जाब ११ अंकसहित तालिकाको शीर्ष स्थानमा छ । आइतबार कोलकाता नाइट राइडर्सले राजस्थान रोयल्सलाई ४ विकेटले पराजित गर्दै आईपीएल प्रतियोगितामा पहिलो जित निकालेको छ । इडेन गार्डेन्समा राजस्थानले पहिले ब्याटिङ गर्दै २० ओभरमा ९ विकेट गुमाएर १ सय ५५ रन बनाएको थियो । १ सय ५६ रनको लक्ष्य पछ्याएको कोलकाताले १९ ओभर ४ बलमा ६ विकेट गुमाएर लक्ष्य पूरा गरेको छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक घट्यो



**पाल्पा,** वैशाख ७/साताको पहिलो सेयर कारोबार दिन सोमबार नेप्से परिसूचक दोहोरो अंकले घटेर बन्द भएको छ। नेप्से परिसूचक १३ दशमलव १७ अंकले घटेको हो ।

नेप्से घटेसँगै २ हजार ८ सय २५ दशमलव २३ विन्दुमा अडिएको छ। यसदिन सेयर बजारमा ५ अर्ब बराबरको मात्रै कारोबार भयो। ३ सय ४९ वटा स्क्रिप्सको १ करोड १६ लाख ५३ हजार ३ सय ७० कित्ता सेयर ५ अर्ब ४३ करोड ४२ लाख ४० हजार २ सय ७६ रुपैयाँमा खरिदबिक्री भए। कारोबारमा आएकामबध्ये ६५ वटा स्टक्सको मूल्य बढ्दा १ सय ९७ वटाको घट्यो। ६ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो । यसदिन चारवटा कम्पनीको सेयर १५ प्रतिशतले बढ्यो। सूर्यकूण्ड हाइड्रो इलेक्ट्रिक, होटल फोरेस्ट इन, पाल्पा सिमेन्ट इन्डस्ट्रिज र शिखर पावर डेभलपमेन्टको सेयर १५ प्रतिशतले बढेको हो।

कारोबार रकमका आधारमा होटल फोरेस्ट शीर्ष स्थानमा रह्यो। सो कम्पनीले ३६ करोड मूल्य बराबरको सेयर कारोबार गर्यो । सोलु हाइड्रोपावरले २९ करोडको सेयर कारोबार गर्दा नेसलन हाइड्रो पावरले २८ करोड आँखु खोला जलविद्युतले २३ करोड र रिलायन्स स्पिनिङ मिल्सले १९ करोड मूल्य बराबरको सेयर कारोबार गरे। होटल्स एण्ड टुरिजम समूहको उपसूचकबाहेक बाँकी सबै समूहको उपसूचक नकारात्मक देखिए।

# मनाइयो जितगढी विजय...

...रुपन्देहीलाई आर्थिक केन्द्रका रूपमा विकास गर्न सबै स्थानीय तहको समान भूमिका आवश्यक रहेको उल्लेख गर्दै उनले प्रदेश सरकारले विकास, उन्नति र समृद्धिका लागि आधार तयार गर्ने बताए । मुख्यमन्त्री आचार्यले राष्ट्र, राष्ट्रियता र स्वाधीनताको रक्षामा अग्रजहरूको बलिदानलाई सम्मान गर्नुपर्ने धारणा राखे । "कमजोर अवस्थाका बाबजुद उच्च मनोबल र रणनीतिक कौशलका आधारमा विजय हासिल गरेको इतिहास हामी सबैका लागि गर्वको विषय हो", उनले भने, "जीतगढी किल्ला राष्ट्रिय स्वाभिमानसँग जोडिएको सम्पत्ति हो यसको संरक्षण गर्नु सबै नेपालीको दायित्व हो ।" कार्यक्रम बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेले गोरखाबाट ११ दिन पैदल यात्रा गरेर नेपाली सेनाका अधिकृत र जवानहरु बुटवल आइपुगेको बताए । यसबीचमा पैदल यात्री टोलीलाई हरेक स्थानीय तहमा भव्य सम्मान गरिएको बताउँदै तत्कालीन समयमा अंग्रेजसँगको युद्धमा नेपाली सेनाले हराएको गौरवपूर्ण इतिहासको प्रभाव अहिलेसम्म पनि रहेको जनताको सम्मानबाट पुष्टि हुने गरेको बताए । उनले तत्कालीन समयमा नेपाली सेना र नेपाली समाजको समन्वयमा युद्ध भएर शक्तिशाली अंग्रेज फौजलाई परास्त गर्न सफल भएको बताए । गोरखा दरबारबाट सुरु भएको गोरखा-जीतगढी पदयात्रा करिब २०७ किमि दूरी पार गर्दै तनुहँ-स्याङ्जा-पाल्पा हुँदै सोमबार जीतगढी पुगेको हो ।

# आज मंगल चौथी...

...गणेशजी जन्मिएको दिन मंगलबार र चतुर्थी तिथिको संयोग परेकाले त्यस दिनलाई मंगल चौथी भनिएको हो । यसलाई 'मङ्गल चतुर्थी' र 'अङ्गारक चतुर्थी' पनि भन्ने गरिन्छ ।

यस्तो संयोगलाई गणेशको पूजाआराधना र प्रसन्नताका निम्ति अत्यन्त महत्वपूर्ण तिथिका रूपमा लिइएको छ । मंगल चौथीको दिन गणेश भगवानको स्मरण गर्दै व्रत बस्ने वैदिक सत्य सनातन हिन्दू धर्मावलम्बीहरुको परम्परा छ । यस दिन व्रत बसे सम्पूर्ण अनिष्टबाट बच्न सकिने, सन्तान प्राप्ति, विद्या, बुद्धि, काम शिद्ध हुने, मांगालिक योगको प्रभाव नहुने र मानसम्मान मिल्ने धनप्राप्ति गराउने गणेश पूराणमा उल्लेख छ । उनलाई बिघ्नहर्ताको रुपमा पनि लिइन्छ । त्यसैले कुनै पनि कार्यमा बाधा आइरहेको छ भने पनि उनको स्मरण गर्दै पूजाआराधाना र व्रत बस्दा समाधान हुने विश्वास रहिआएको छ । मंगलबार भगवानको व्रत बस्न इच्छुक व्रतालुले यस दिनबाट प्रारम्भ गरेमा शुभ हुने बताइएको छ । त्यति मात्र होइन, कुनै पनि शुभ कार्य यसै दिनबाट सुरु गर्दा फलदायी हुने विश्वास गरिन्छ ।


# हार्दिक बधाई तथा शुभकामना



काठमाडौंको दशरथ रङ्गशालामा यही वैशाख ४-५ गते भएको पच्चीसौं आईटीएफ तेक्वान्डो राष्ट्रिय प्रतियोगिता २०८३ र दोस्रो u–15 स्कुल आईटीएफ तेक्वान्डो राष्ट्रिय प्रतियोगितामा २ स्वर्ण, ५ रजत र ४ कास्य पदक जित्न सफल पाल्पाका खेलाडीहरु स्वर्णपदकमा कसुमी थापा (एकल स्पाइरिङ ४०-४५ केजी समूह र रातोपेटी प्याटर्न), रजत पदकमा सनम घर्ती (२०-२५ केजी एकल स्पेयरिङ, हरियोपेटी प्याटर्न), दीपा सारु (हरियोपेटी प्याटर्न), रोशनी थापा (ग्रुप स्पेरिङ), कविता राना (७५ प्लस केजी समूह), एञ्जल रेग्मी (ग्रुप स्पेरिङ), र कास्य पदकमा दीपा सारु (महिला २०-२५ एकल स्पेयरिङ), रोशनी थापा (एकल स्पेयरिङ ५५-६० केजी), रञ्जित दर्लामी (कालोपेटी प्याटर्न र ५० देखि ५५ केजी एकल स्पेयरिङ) विजयी हुनुभएकोमा **हार्दिक बधाई तथा थप सफलताको कामना सहित शुभकामना** व्यक्त गर्दछौं । साथै प्रतियोगितामा पाल्पा आइटीएफ तेक्वान्डो संघका उपाध्यक्ष पाँचौं डान कृष्ण थापाले रेफ्रीको कुसल भूमिका निर्वाह गर्नुभएकोमा हार्दिक आभार व्यक्त गर्दछौ ।

निर बहादुर सारु
अध्यक्ष
एवं
**पालपा आई.टि. एफ तेक्वान्डो संघ परिवार**
तानसेन, पाल्पा



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई